# बैठक नं. २९२(३)५२
# मिति २०८०।१२।०७
## निर्णय

**प्रस्ताव नं. १ को सम्बन्धमा**

आर्थिक वर्ष २०७९/८० को आयोगको लागि स्वीकृत कार्यक्रम मध्ये अधिकांश कार्यक्रम सम्पन्न भइसकेको र केही कार्यक्रमहरु सम्पन्न हुन बाँकी रहेको जानकारी भयो । केही कार्यक्रम यही महिना भित्र सम्पन्न गर्ने गरी तयारी भएको पनि जानकारी भयो । आयोगबाट हालसम्म सम्पन्न कार्यक्रमको स्थिति सन्तोषजनक देखिएको र सम्पन्न गर्न बाँकी रहेका कार्यक्रमहरु पनि समयमा नै सम्पन्न गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ को सम्बन्धमा**

The Asia Foundation सँगको सहकार्यमा हुने कार्यक्रमको प्रगतिको सम्बन्धमा छलफल भयो । आगामी दिनमा The Asia Foundation सँग प्रत्येक महिनाको पहिलो हप्ता कार्यक्रमका बारेमा छलफल गर्ने र प्रत्येक ३ महिनामा CSM कार्यक्रमको बारेमा समीक्षा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ को सम्बन्धमा**

The Asia Foundation र राष्ट्रिय सूचना आयोगबीच भएको सम्झौता अनुसार The Asia Foundation बाट हुने RTI Audit को लागि मधेश प्रदेशको सिरहा र रौतहट तथा लुम्बिनी प्रदेशको कपिलवस्तु र नवलपरासी जिल्ला छनौट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ को सम्बन्धमा**

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रस्ताव सम्बन्धमा छलफल भयो । तोकिएको समय भित्रै LMBIS प्रविष्ट गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अर्थ मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ को सम्बन्धमा**

सूचनाको हकसम्बन्धी लेखहरुको संगालो सूचनाको अधिकार (A Journal of RTI) प्रकाशन सम्बन्धमा छलफल भयो । उक्त प्रकाशनको लागि गोरखापत्र, आयोगको वेबसाइट र पत्राचार मार्फत लेख रचना माग गरिएकोमा केही लेख रचना प्राप्त भएकोमा चैत २१ गतेसम्म प्राप्त हुन आएका लेख रचना मात्र समावेश गरी बैशाख १५ गते भित्र छपाई गर्ने गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ को सम्बन्धमा**

विनय कसजु उत्कृष्ट अभियान्ता पुरस्कार र उत्कृष्ट सूचना अधिकारी पुरस्कारको सम्बन्धमा छलफल भयो । पुरस्कारको लागि आयोगमा प्राप्त हुन आएका ९ जना अभियान्ता र ११ जना सूचना अधिकारीको निवेदनको जानकारी वेबसाइटमा प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ को सम्बन्धमा**

सूचनाको हकसम्बन्धी सहयोगी पुस्तिका वितरण गर्ने सम्बन्धमा सार्वजनिक निकायको लागि केन्द्रमा मन्त्रालय मार्फत, प्रदेशमा प्रदेश अनुगमन इकाई मार्फत, जिल्लामा जिल्ला अनुगमन इकाई मार्फत मार्फत वितरण गर्ने, र सर्वसाधारण नागरिकको लागि सूचनाको हकका लागि राष्ट्रिय महासंघ, नेपाल पत्रकार महासंघ, डिजिटल राईटस र नेपाल बार एशोसिएसन मार्फत वितरणको व्यवस्था मिलाउने निर्णय भयो ।

**प्रस्ताव नं. ८ को सम्बन्धमा**

सूचना आयोगहरूको अन्तर्राष्ट्रिय संगठन International Conference of Information Commissioners (ICIC) को यही जुन ३ देखि ५ सम्म अल्वानियाको तिरानामा हुने पन्ध्रौं सम्मेलनमा भाग लिन यस आयोगलाई प्राप्त निमन्त्रणाका बारेमा जानकारी प्राप्त भयो । उक्त सम्मेलनमा भाग लिने सम्बन्धमा अप्रिल १५ भित्र जानकारी गराउनु पर्ने भएको छ । उक्त सम्मेलन सूचना आयोगहरूका लागि अत्यन्त महत्वपूर्ण सम्मेलन भएकोले यस सम्मेलनमा भाग लिनका लागि नेपाल सरकारको खर्चमा आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्ग, आयुक्त श्री रत्नप्रसाद मैनाली र सचिव श्री होमप्रसाद लुइटेलको मनोनयन स्वीकृतिका लागि नेपाल सरकारमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ को सम्बन्धमा**

सूचना आयोगहरूको अन्तर्राष्ट्रिय संगठन International Conference of International Commissioners (ICIC) को जुन ३ देखि ५ सम्म अल्वानियामा हुने पन्ध्रौं सम्मेलन सूचना आयोगहरूका लागि अत्यन्त महत्वपूर्ण सम्मेलन भएकोले उक्त सम्मेलनमा भाग लिन यस आयोगका आयुक्त श्री कमला ओली थापा र उपसचिव श्री सन्तोष कुमार दाहाललाई पनि मनोनयन गर्न नेपाल सरकारमा सिफारिस गर्ने र निजहरुको खर्च व्यवस्थापन गर्न Asia Foundation लाई अनुरोध गर्ने निर्णय भयो ।

**विविध**

क) रेल विभागको च. नं. ३५५ मिति २०८०।१२।०१ को पत्रको सम्बन्धमा नेपालको संबिधानको धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ' भन्ने व्यवस्था छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (२) मा 'प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ' भन्ने व्यवस्था छ । साथै सोही दफाको उपदफा (३) मा ५ प्रकारका सूचना प्रबाह गरिने छैन भन्ने व्यवस्था छ । यसैगरी ऐनको दफा २८ मा सूचनाको संरक्षण र दफा ३० को उपदफा (२) मा कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था छ । यी कानूनी व्यवस्थाको पालना गर्नू गराउनू पर्ने जानकारी दिने निर्णय गरियो ।

ख) पुनरावेदक चन्द्रागिरी नगरपालिका र विपक्षी यस आयोग समेत भएको सूचना उपलब्ध गराउनू भन्ने आयोगको निर्णय विरुद्ध श्री उच्च अदालत, पाटनबाट मिति २०८०।०५।०३ मा भएको फैसलाको विरुद्ध श्री सर्वोच्च अदालतमा मुद्दा दोहोर्‍याई पाऊँ भन्ने निवेदन श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत दर्ता गर्ने निर्णय गरियो ।